# नेपाल नोटरी पब्लिक परिषद्

कुपण्डोल, ललितपुर

## कार्यक्षमताको मुल्याङ्कनद्वारा हुने बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

(प्रकाशन मितिः २०८१/०९/१२)

नोटरी पब्लिक परिषद्का कर्मचारीको नियुक्ति तथा सेवाको शर्त सम्बन्धी नियमावली, २०७० बमोजिम परिषद्मा रिक्त देहायका पदमा कार्यक्षमताको मुल्याङ्कनद्वारा बढुवा गरी पूर्ति गर्नु पर्ने भएकोले आवेदन दिने अन्तिम मिति २०८१/१०/१२ गते सम्ममा बढुवा हुने पद भन्दा एक तह मुनीको सम्बन्धित सेवा, समुहको पदमा तोकिएको सेवा अवधि र न्युनतम शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको ३० दिन भित्र (दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सम्म) निर्धारित फाराम भरी नेपाल नोटरी पब्लिक परिषद्को कार्यालयमा दरखास्त दर्ता गराउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी | सेवा/समुह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | १/२०८१/०८२ | नायब सुब्बा | सहायक प्रथम | नेपाल नोटरी पब्लिक परिषद्/ प्रशासन | १ (एक) |

सदस्य-सचिव

पदपूर्ति समिति

# नेपाल नोटरी पब्लिक परिषद्

कुपण्डोल, ललितपुर

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति सम्बन्धी सूचना

(प्रकाशन मितिः २०८१/०९/१२)

नेपाल नोटरी पब्लिक परिषद्का देहायका पदमा स्थायी पदपुर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आव्हान गरिएको छ।तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले नेपाल नोटरी परिषद्को वेवसाईट www.notarypublic.org.np मा गई फाराम डाउनलोड गरी नेपाल नोटरी पब्लिक परिषद्को कार्यालय कुपण्डोल, ललितपुरमा बुझाउनुपर्नेछ । परीक्षा दस्तुर राष्ट्रिय बाणिज्य बैंक, थापाथलीमा रहेको नेपाल नोटरी पब्लिक परिषद्को खाता नं. १४३०१००००१३७३००१ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिन सम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ। लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी | सेवा/समुह | किसिम | पद संख्या |
|---|---|---|---|---|---|---|
| १. | २/२०८१/०८२ | नायब सुब्बा | सहायक प्रथम | नेपाल नोटरी पब्लिक परिषद्/ प्रशासन | खुला | १ (एक) |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः** सम्मानीत सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनमा व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

**परीक्षाको किसिमः** लिखित र अन्तर्वार्ता।

**परीक्षा दस्तुरः** रु ८००।-

**उमेरः** मिति २०८१/१०/०३ गते सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तर महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको।दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्याताको प्रयोजनका लागि गणना गरिने छैन ।

**आवश्यक न्युनतम योग्यताः** प्रमाणपत्र वा सो सरहको उपाधी प्राप्त गरेको ।

**परीक्षा केन्द्रः** काठमाडौं

**दरखास्त बुझाउने स्थानः** नेपाल नोटरी पब्लिक परिषद्को कार्यालय कुपण्डोल, ललितपुर ।

**संलग्न गर्नु पर्ने कागजातहरुः** उम्मेदवारको शैक्षिक योग्यता र नागरिकता प्रमाणपत्रका प्रतिलिपि।दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भए सो को साथमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य पेश गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः** २०८१/१०/०३ गते (दरखास्त फाराम बुझाउने अन्तिम दिन सावर्जनिक बिदा परेमा सो को भोलिपल्ट सम्म) र दोब्बर दस्तुर २०८१/१०/१० गते सम्म बुझाउन सकिनेछ।

**तलब तथा सुविधाः** नेपाल नोटरी पब्लिक परिषद्को नियमानुसार।

**पाठ्यक्रमः** परिषद्को वेवसाईट www.notarypublic.org.np मा बाट प्राप्त गर्न सकिनेछ।

**परीक्षा कार्यक्रमः** लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगसँग समन्वय गरी पछि प्रकाशन गरिनेछ।

सदस्य-सचिव
पदपूर्ति समिति